समिक्षा बैठक नं.: ०२ आ.व २०८१-८२

आज मिति २०८१-१२-०५ गते बिहान ८ बजे यस रास्कोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा श्री धर्मराज शाही (पोषण) को अध्यक्षता रास्कोट नगरपालिकाको दोस्रो चौमासिक प्रतिवेदनको समिक्षा को बैठक बसि बजेट कार्यान्वयन अवस्था र कार्यक्रमहरुको समिक्षा तथा प्रभावकारिता बारे छलफल तथा निर्णय गरियो।

उपस्थिति:

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| प्रशासकीय अधिकृत | श्री जवान सिंह बम | |

**दोस्रो चौमासिक अवधिको प्रगति समीक्षा बैठकमा देहाय बमोजिम छलफल भई निम्नानुसार निष्कर्ष तथा निर्णय गरियोः**

दोस्रो चौमासिक अवधिको प्रगति समीक्षा बैठकमा विभिन्न क्षेत्रगत कार्यक्रमहरूको प्रगति, योजना कार्यान्वयन अवस्था तथा सेवा प्रवाह सम्बन्धी विषयमा छलफल भई देहाय बमोजिम निष्कर्ष तथा निर्णय गरियोः

**छलफलका विषयहरूः**

- पूर्वाधारतर्फ रास्कोट–६ मा कालासिल्ला मावि भवन निर्माण कार्य अघि बढेको
- सामाजिक विकासतर्फ सुत्केरी पोषण कोशेली कार्यक्रम सबै वडामा सञ्चालनमा आएको
- सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला तथा अंग्रेजी विषय अध्यापन गर्ने शिक्षकहरुलाई तालिम प्रदान गरिएको
- पशुसेवा अन्तर्गत पशुहरुलाई नियमित औषधि वितरण कार्य सञ्चालनमा रहेको
- मातृ तथा नवशिशु कार्यक्रम (आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन तथा नवजात शिशुको निशुल्क उपचार) सम्पूर्ण वडामा सञ्चालनमा रहेको

**गम्भीर समीक्षा तथा टिप्पणीः**

- स्वीकृत ५८ वटा योजनामध्ये ५० वटा कार्यान्वयनमा हएको भएता पनि सम्झौता तथा कार्य प्रगति दस्तावेज मा नदेखिएकाले बजेट खर्च नभएको, र हालसम्म केवल १ वटा मात्र कार्यान्वयनमा गएको अवस्था अत्यन्त कमजोर प्रगतिको सूचकको रूपमा देखिएको
- योजना कार्यान्वयनमा ढिलाइ भई दोस्रो चौमासिकसम्म पनि अधिकांश योजना सुरु नभएको गम्भीर चिन्ताको विषय रहेको
- अन्तिम समयमा मात्र योजना फाइल पेश गर्ने प्रवृत्तिका कारण कार्यान्वयन, अनुगमन तथा बजेट खर्चमा असन्तुलन देखिएको
- समयमै प्रक्रिया सुरु नगर्दा आगामी चौमासिकमा अत्यधिक कार्यचाप सिर्जना हुने निश्चित देखिएको

निष्कर्षः

- केही सामाजिक तथा सेवा सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भए तापनि समग्र योजना कार्यान्वयन अवस्था अत्यन्त न्यून रहेको
- योजना व्यवस्थापन प्रणालीमा सुधार नगरेसम्म प्रभावकारी कार्यसम्पादन सम्भव नदेखिएको

निर्णयहरूः

- सबै योजना सम्बन्धी फाइलहरू समयसीमा भित्र अनिवार्य रूपमा पेश गर्ने व्यवस्था कडाइका साथ लागू गर्ने

- अन्तिम समयमा मात्र योजना पेश गर्ने प्रचलनलाई पूर्ण रूपमा अन्त्य गर्ने
- सञ्चालन नभएका योजनाहरू तत्काल प्रक्रिया अगाडि बढाई कार्यान्वयन सुनिश्चित गर्ने
- योजना कार्यान्वयनको नियमित अनुगमन गरी जिम्मेवार शाखा तथा कर्मचारीको उत्तरदायित्व निर्धारण गर्ने
- कार्यसम्पादनमा ढिलाइ गर्ने निकाय तथा व्यक्तिलाई आवश्यक प्रशासनिक कारवाहीको व्यवस्था गर्ने
- आगामी चौमासिकमा कार्यचाप सन्तुलन गर्न पूर्वतयारी तथा योजना व्यवस्थापन सुदृढ गर्ने

# रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आर.सी.पी, कालीकोट
### २०७३

# आर्थिक वर्ष २०८१।०८२ को दोस्रो चौमासिक वित्तीय प्रगति प्रतिवेदन


मितिः २०८१।१२।०५ गते
स्थानः रास्कोट नगरपालिका

प्रस्तुतकर्ताः
डम्बर महरा
राजश्व शाखा प्रमुख

## रास्कोट नगरपालिकाको परिचय तथा भौगोलिक अवस्था

RASKOT MUNICIPALITY

- ➢साविक स्युना,सिपखाना र फुकोट गा.वि.स मिलाएर यस नगरपालिकाको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ गते भएको हो।
- ➢यो नगरपालिका समुन्द्री सतहबाट लगभग १७७५ मिटरको उचाइमा रहेको र ५९.७३ वर्ग किलो मिटरमा फैलिएको छ।
- ➢१९ डिग्री १४ मिनेट ३० सेकेण्ड डिग्री उत्तरी अक्षांश र ०८१ डिग्री ३८ मिनेट २३० सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित रहेको छ।
- ➢नगरपालिकाको पूर्वमा पचालझरना गाउँपालिका, पश्चिममा सान्नी त्रिवेणी गाउँपालिका, उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा पचालझरना रहेका छन्।
- ➢कुल ५९.७३ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसख्या १७४२५ र ३२०० घरधुरी रहेका छन्।



RASKOT MUNICIPALITY

## २०८१/८२ (प्रथम चौमासिक) मा प्राप्त बजेट र खर्चको विवरण

| उपक्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २,५४,५२,३९४.२५ | २,८९,६२,२९७.४८ | ११३% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३६,४२,२५०.०० | २१,४३,७०१.०० | ५८.८५% |
| सामाजिक विकास | ६,५५,०६,७५०.०० | ६,२९,२८,३९१.०० | ९६.०६% |
| पूर्वाधार विकास | १,६९,५०,०००.०० | १,५०,०१,०३१.०० | ८८.५८% |
| आर्थिक विकास | २४,१४,२५०.०० | १३,३७,२२३.०० | ५५.३८% |


## २०८१/०८२ मा रास्कोट नगरपालिकामा सञ्चालित योजनाहरु

### योजना तथा कार्यक्रम

| क्र.सं. | योजना विवरण | योजना संख्या | कुल रकम | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका योजना | | | |
| २ | १ लाख देखि ५ लाख सम्मका योजना | २६ | ७६४३६१४ | |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | ५ | ३१५१९७४ | |
| ४ | १० लाख देखि ५० मा सम्मका योजना | २५ | ५८७८३८३० | |
| ५ | ५० लाख भन्दा माथिका योजना | २ | १११०२०१७ | |
| | जम्मा | ५८ | ३१२९१७८२९ | |

## आ.व.२०८१।०८२ मा सञ्चालित योजनाको विवरण

RASKOT MUNICIPALITY




5

## मुख्य कार्यक्रमहरुको प्रगतिहरु

RASKOT MUNICIPALITY

- रास्कोट-६ मा कालासिल्ला मावि भवन निर्माणको कार्य अघि बढेको
- सुत्केरी पोषण कोशेली कार्यक्रम हरेक वडामा सञ्चालनमा आएको
- सामुदायिक विद्यालयका विज्ञान प्रयोगशाला तथा अंग्रेजी विषयको अध्यापन गराउने शिक्षकहरुलाई तालिम
- पशुसेवा अन्तर्गत पशुहरुलाई नियमित औषधि वितरण
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम सम्पूर्ण वडामा संचालित

6

## गाँउ स्वास्थ्य किल्निक तथा ग्रामिणि अल्ट्रासाउण्ड कार्यक्रम





RASKOT MUNICIPALITY

# धन्यवाद !

8